# आर्थिक स्वतन्त्रता

आर्थिक विकास पाकेट बुक संग्रह
२०११

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
काठमाण्डौ, नेपाल

**प्रकाशक :**

**समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन**
४१६, भिमसेनगोला मार्ग, मीनभवन खरिबोट,
पोष्ट बक्स नम्बर : ८९७३, एन. पी. सी. ६७८
काठमाडौं, नेपाल

फोन नं. : (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फ्याक्स : (९७७)-१-४४८-५३९१

ईमेल : info@samriddhi.org
वेबसाइट : www.samriddhi.org

**डिजाइन र लेआउट :**
समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

**कभर आर्ट :** समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

**प्रथम संस्करण :** मार्च, २०११
**द्वितीय संस्करण :** जनवरी, २०१२*

***नेपाल उद्योग वाणिज्य महासंघको सहयोगमा प्रकाशित**

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन　　　　नेपाल उद्योग वाणिज्य महासंघ

# विषयसूची


विषय प्रवेश ५

**अध्याय एक**

आर्थिक स्वतन्त्रता : एक परिचय ७

लोकतन्त्र र आर्थिक स्वतन्त्रता बीचको भिन्नता ११

गरिबी निवारिकरणमा आर्थिक स्वतन्त्रताको भूमिका १३

आर्थिक स्वतन्त्रताका केही अन्र्तराष्ट्रिय अनुभवहरु १५

**अध्याय दुई**

उद्योग निर्माणको अवधारणा १९

आर्थिक स्वतन्त्रतासम्बन्धी अवधारणाको बीजारोपणको सन्दर्भ २२

विश्वको आर्थिक स्वतन्त्रता सूचकाङ्क २४

विश्वको आर्थिक स्वतन्त्रता सूचकाङ्कमा नेपाल २९

नेपालमा आर्थिक स्वतन्त्रता ३५

आर्थिक स्वतन्त्रता तथा मानवीय विकासका अन्य परिसूचकहरुसँग यसको सम्बन्ध ३७

सन्दर्भ सामाग्री ४५

नेपाल उद्योग वाणिज्य महासंघ ४७

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन ५१

# विषय प्रवेश

संसार मध्ययुगीन अन्धकारको समयबाट अघि बढ्दै जाँदा क्रमशः पुनर्जागरणको क्रम प्रारम्भ भएको थियो । यससँगै सुधारिँदै गएको उत्पादन पद्धति र त्यसका कारण निम्तिएको असीमित उत्पादनका कारण संसारभर नै व्यापारको विस्तार हुने र स्थानीय, घरेलु तथा साना परिणामको उत्पादनमा ह्रास आउने क्रम प्रारम्भ भयो । राज्य प्रत्यक्ष रूपमा संलग्न भएर गरिने यस व्यापारको क्रम वाणिज्यवादका नामले प्रख्यात छ । त्यसै समयमा देखिएका कम्युनिस्ट विचारक कार्ल मार्क्सले राज्यको केन्द्रीय व्यवस्थाबाट नियमन हुनेगरी सामूहिक उत्पादन र वितरणको आर्थिक व्यवस्थासम्बन्धी बहस आरम्भ गराए । यही आधारमा संसार नै समाजवादी र उदारवादी गरी दुई आर्थिक व्यवस्थाको पक्षमा ध्रुवीकृत हुनपुग्यो । तर समाजवादी आर्थिक व्यवस्था आफ्नो परीक्षणको छोटो अवधिमै आफ्नै आन्तरिक समस्यामा अल्मलिन पुग्यो । यसका साथै समाजवादी व्यवस्था अन्तर्गत अपनाइएको आर्थिक व्यवस्थाले जनताका आर्थिक आकाङ्क्षाका साथै जीवनस्तर उकास्न नसकेपछि र सोभियत सङ्घको पतनले गर्दा आर्थिक व्यवस्थाको विकल्पका रूपमा संसारभरि नै सम्भावित अन्य आर्थिक व्यवस्थाहरूका बारेमा अध्ययन, अनुसन्धान र खोजी गर्ने कार्यले द्रुत गति पायो । गत दशकमा मात्र नोबेल पुरस्कारबाट सम्मानित मिल्टन फ्रिडम्यान जस्ता अर्थशास्त्रीहरूले पनि विकल्पको खोजी गर्दै आर्थिक क्षेत्रमा निकै प्रयोगहरू गरे । मिल्टन फ्रिडम्यानको सफल परीक्षणले त ल्याटिन अमेरिकामा रहेको चिली भन्ने देशलाई विकासोन्मुख देशबाट विकसित देशतर्फ नै उन्मुख गरायो ।

यसरी राजनीतिक अर्थशास्त्रको क्षेत्रमा समय समयमा उठ्ने प्रायः सबै बहस आर्थिक स्वतन्त्रतासँग गाँसिएका हुन्छन् । उसो भए प्रश्न उठ्छ - आर्थिक स्वतन्त्रता भनेको के हो त ?

१

# आर्थिक स्वतन्त्रता : एक परिचय

कुनै पनि देशले आफ्नो आर्थिक व्यवस्थामा उपभोक्ताको छनौटको, वस्तुविनिमय र व्यापारका साथै व्यक्ति तथा सम्पत्तिमाथिको कानुनी व्यवस्था कसरी संरचित गरेको छ भन्ने कुराका आधारमा आर्थिक स्वतन्त्रताको मात्रा निर्धारित हुन्छ । यस अर्थमा आर्थिक स्वतन्त्रता भन्नाले कुनै पनि देशको अर्थव्यवस्था अन्तर्गत उत्पादन, वितरण र उपभोगमाथि सर्वसाधारणको सहज पहुँचलाई बुझ्न सकिन्छ । लोकतान्त्रिक पद्धतिको विकासका लागि पनि यो अवस्था अनिवार्य शर्त हो । आर्थिक स्वतन्त्रताले जनतालाई योजनाबद्ध अर्थतन्त्रमा सरकारमाथि भर पर्ने अवस्थाबाट मुक्ति दिन्छ साथै, यसले जनतालाई राजनैतिक तथा आर्थिक छनौटमा स्वतन्त्रता पनि प्रदान गर्दछ ।

सामान्यतया उच्चस्तरको आर्थिक स्वतन्त्रता भएका देशमा बस्ने व्यक्तिहरू समृद्धि, व्यक्तिगत स्वतन्त्रता र लामो आयुबाट लाभान्वित भएको पाइन्छ ।

उच्चस्तरको आर्थिक स्वतन्त्रता भएका देशहरूको प्रतिव्यक्ति आय तथा आर्थिक वृद्धिदर पनि उच्चस्तरको

भएको पाइन्छ। प्राय: उच्चस्तरको आर्थिक स्वतन्त्रता भएका देशहरूका जनताको सरदर आयु अन्य देशहरूका तुलनामा २० वर्षले बढी छ। त्यसैगरी बढी आर्थिक स्वतन्त्रता भएका देशमा बस्ने व्यक्तिहरू बढी सन्तुष्ट जीवन बिताउने गरेको पनि पाइएको छ। आर्थिक क्षेत्रमा लगाइने सीमित नियन्त्रण, करको न्यूनतम दर तथा भन्सार दरको न्यूनता जस्ता आर्थिक स्वतन्त्रताका सीमित क्षेत्रमा गरिने सुधारले पनि भ्रष्टाचार घटाउन सहयोग पुर्‍याउँदछ।

## आर्थिक स्वतन्त्रताका तत्वहरु

क्यानडामा रहेको फ्रेजर प्रतिष्ठानले विगत दुई दशकदेखि विभिन्न देशहरूमा आर्थिक स्वतन्त्रतालाई परिभाषित र मापन गर्ने उद्देश्यले विभिन्न गोष्ठीहरूको एउटा सिलसिला नै सञ्चालन गरिरहेको छ। सन् १९७५ देखि २०१० सम्म गरेर विश्वको आर्थिक स्वतन्त्रता प्रतिवेदन प्रकाशित भएको ३५ वर्षपछि पनि यसको उद्देश्य अझै ज्यूँका त्यूँ रहेको छ - आर्थिक स्वतन्त्रताको मापन सटिक, समावेशी र सोद्देश्यमूलक छ ? यो अनुसन्धान प्रतिवेदन हाल वार्षिक रूपमा विश्वभरिका ७० भन्दा बढी देशहरूबाट प्रकाशित हुँदै आइरहेको छ।

## आर्थिक स्वतन्त्रताका अर्न्तनिष्ठ तत्वहरू

बजार व्यवस्थाद्वारा निर्देशित स्वतन्त्र विनिमय बजारमा प्रवेश गर्ने र प्रतिस्पर्धा गर्ने स्वतन्त्रता, व्यक्तिगत सुरक्षा तथा वैयक्तिक सम्पत्तिमाथि अहस्तक्षेपको कानुनी व्यवस्था जस्ता उपर्युक्त चारवटा महत्वपूर्ण तत्वहरूलाई आत्मसात गर्दै राष्ट्रिय संस्थाहरू र राष्ट्रिय नीति तथा आर्थिक स्वतन्त्रताबीचको सन्तुलन मापनका लागि विश्व आर्थिक स्वतन्त्रता सूचकाङ्क (EFWI) निर्माण गरिएको हो । आर्थिक स्वतन्त्रतालाई पाँच विभिन्न क्षेत्रका आधारमा मापन गरिन्छ :

*१) सरकारको आकार, २) कानुनी संरचना तथा सम्पत्तिसम्बन्धी अधिकारको सुरक्षा, ३) असल मुद्रा (Sound Money) माथिको पहुँच ४) अन्तर्राष्ट्रिय व्यापार गर्ने स्वतन्त्रता र ५) कर्जा, श्रम र व्यापार माथिको नियमन ।*

आर्थिक स्वतन्त्रता सूचकाङ्कको माथिल्लो तहमा रहनका लागि कुनै पनि देशले वैयक्तिक सम्पत्तिमाथिको अधिकारको सुनिश्चितता, स्थिर आर्थिक वातावरण र विधिको शासन व्यवस्थाको कार्यान्वयनमा विशेष ध्यान दिनुपर्छ। यसका अतिरिक्त, आर्थिक स्वतन्त्रताको सूचकाङ्कको माथिल्लो तहमा रहनका लागि

करको दर कम राख्नु, आन्तरिक तथा बाह्य व्यापारमा अवरोध गर्ने तत्वहरूलाई निराकरण गर्नु तथा सरकारले सञ्चालन गर्ने योजनाबद्ध अर्थव्यवस्थाको विपरीत पूर्णरूपमा बजारमा आधारित वितरण तथा पुनर्वितरणको अर्थव्यवस्थामा चल्नु आवश्यक पर्दछ ।

सन् १९८० देखि २००८ का बीचमा आर्थिक स्वतन्त्रताको ठूलो लहर चलिरहेको छ । अनेकौं अध्ययनहरूले आर्थिक स्वतन्त्रता नभएका देशहरूभन्दा आर्थिक रूपमा पूर्ण स्वतन्त्र रहेका देशहरूको द्रुत गतिमा विकास र प्रतिव्यक्ति आयमा वृद्धि भइरहेको देखाएका छन् । त्यसैगरी आर्थिक स्वतन्त्रताको परिवर्तन र प्रतिव्यक्ति आयको वृद्धिबीचमा सकारात्मक सम्बन्ध पनि छ । यसबाहेक, जब प्रतिव्यक्ति आयमा वृद्धि हुन्छ, तब विश्वमा नै गरिबीको मात्रा पनि घट्दछ । यो अवस्था सम्बन्धित देशहरूले आर्थिक स्वतन्त्रताको उच्चतम अवस्थातिरको यात्रामा आफूलाई कुन हदसम्म लग्दछन् भन्ने कुरामा आधारित हुन्छ ।

संस्थाहरू र नीतिहरूले तबमात्र आर्थिक स्वतन्त्रतासँग एकरूपता कायम राख्न सक्दछन् जब तिनीहरूले स्वतन्त्र विनिमय, वैयक्तिक सुरक्षा र व्यक्तिगत सम्पत्तिको प्रत्याभूति गर्दछन् । आर्थिक स्वतन्त्रताको

अन्तर्निहित मान्यता भनेको नै निजी स्वामित्व हो । यो निजी स्वामित्वका कारणले गर्दा नै व्यक्तिले एकातिर आफ्नो समय र प्रतिभा कसरी प्रयोग गर्ने भन्ने छनौटको अधिकार प्राप्त गरेको हुन्छ भने अर्को तर्फ अन्य व्यक्तिहरूको समय, प्रतिभा र स्रोतलाई कब्जा गर्नबाट पनि उसलाई विमुख गराएको छ । यसले गर्दा नै कुनै एक व्यक्तिलाई अन्य व्यक्तिको स्रोतमाथि कब्जा जमाउन वा अन्य व्यक्तिलाई प्रदान गरिएको स्रोतको आफूले पनि माग गर्ने अधिकारबाट बञ्चित गराएको छ ।

# लोकतन्त्र र आर्थिक स्वतन्त्रता बीचको भिन्नता

आर्थिक स्वतन्त्रता उत्पादक सामर्थ्य, वस्तु तथा सेवाको विनिमय, बजारको प्रतिस्पर्धा र आफ्नो श्रमको उचित प्रतिफल निर्धारण गर्ने कार्य छनौटको स्वतन्त्रतासँग सम्बन्धित रहन्छ । कुनै पनि राज्य आफैमा लोकतान्त्रिक भए तापनि त्यसले आफ्ना देशका जनताहरूको आर्थिक स्वतन्त्रतामा अनेक अवरोध र प्रतिबन्धहरू कायम राख्नु सम्भव छ ।

सन् १९६० देखि १९९० बीचको भारतीय र इजरायली अनुभवले पनि यस कुरालाई पुष्टि

गर्दछन् । त्यसैगरी सीमित लोकतान्त्रिक अधिकार भएको देशमा पनि जनताहरूले आर्थिक स्वतन्त्रताको भरपुर उपयोग गर्न पाइरहेको उदाहरण हामी हङ्कङ्बाट पनि पाउन सक्दछौँ ।

पारस्परिक सम्झौता र लाभले नै आर्थिक रूपमा स्वतन्त्र क्रियाकलापलाई आधार प्रदान गर्दछ । यस प्रक्रियामा द्विपक्षीय (लोकतन्त्र र आर्थिक स्वतन्त्रता) सम्झौता नभइकन कुनै पनि प्रकारको विनिमय हुनै सक्दैन । त्यस्तै राजनैतिक प्रक्रियालाई आर्थिक स्वतन्त्रतालाई बढावा दिने साधनका रूपमा पनि उपयोग गर्न सकिन्छ । यही सन्दर्भ आर्थिक स्वतन्त्रताका सन्दर्भमा पनि उपयोगी हुन्छ ।

क) विदेशीसँग समेत आपसी सम्झौता गरेर व्यापार गर्ने अधिकार, (ख) आफ्नो इच्छाअनुरूपको व्यापार वा व्यवसायमा संलग्न हुने र प्रतिस्पर्धा गर्ने अधिकार, (ग) आफूले आर्जेको कुरा आफैसँग राख्ने अधिकार र (घ) सरकारलगायत अन्य कसैले पनि आफूले आर्जन गरेको सम्पत्ति अधिग्रहण गर्न नपाउने सुरक्षाको प्रत्याभूति जस्ता आर्थिक स्वतन्त्रताका आधारभूत कुराहरूमा बहुमतीय पक्षधरता निषेधित हुनु आवश्यक छ। अन्य आधारभूत स्वतन्त्रताजस्तै आर्थिक स्वतन्त्रताका लागि पनि संवैधानिक, प्रक्रियागत र संरचनात्मक सुरक्षा प्रबन्ध आवश्यक पर्दछ ।

# गरिबी निवारणको प्रक्रियामा आर्थिक स्वतन्त्रताको भूमिका

विश्व बैंकका अनुसार सन् १९६५ देखि १९८५ सम्म नेपालमा निजी क्षेत्रको लगानी दर कूल गार्हस्थ आयको ९ प्रतिशत मात्र थियो । यस समयमा राष्ट्रको ९० प्रतिशत जनसङ्ख्या कृषि क्षेत्रमा सक्रिय थिए । यस समयको अन्त्यतिर पनि आधारभूत संरचना न्यून मात्रामा थियो । यसपछिको राज्यको बढ्दो खर्चका कारण नेपालले वित्तीय सङ्कट खेप्नु पर्‍यो ।

विश्वको दोस्रो ठूलो जलस्रोतको धनी देश, प्रकृतिले सुसज्जित देश, हिमालै हिमालको देश नेपालभन्दा पिछडिएका देशहरू आर्थिक रूपमा हामीभन्दा समृद्ध कसरी भए ? के नेपालले साँच्चिकै सतीको सरापका कारण उन्नति गर्न नसकेको हो त ? के नेपालले कहिल्यै आर्थिक उन्नति गर्न सक्दैन त ?

एक दशक लामो गृह युद्ध, राजनीतिक अस्थिरता, बढ्दो असुरक्षा, भ्रष्टाचार र सरकारको हस्तक्षेपका कारण हाम्रो अर्थतन्त्रले सास्ती खेप्नुपर्‍यो । गएको ६० वर्षमा स्वतन्त्रताका लागि थुप्रै लडाइँहरू भए तर यीमध्ये कुनै पनि लडाइँ आर्थिक स्वतन्त्रताका लागि भएका छैनन् र यो नभई हामी सधैं सतीले सरापेको गरिब राष्ट्रभन्दा माथि उठ्न पनि सक्दैनौँ ।

अब गरिबी निवारणमा आर्थिक स्वतन्त्रताको के भूमिका हुन्छ भन्ने प्रश्न आउँछ । हाम्रो जस्तो देशमा सुरुमा गरिबी निवारणका लागि गर्न सकिने सबैभन्दा महत्वपूर्ण कार्य भनेको सम्पत्ति अधिकारको सीमा बढाउनु हो । अझ जमिनमाथिको सम्पत्तिको अधिकार सुनिश्चित पार्नु त समाजका लागि सबैभन्दा ठूलो सम्पत्ति हुन्छ । सन् १९४५ देखि अहिलेसम्म दिइएको अनुदानभन्दा ४० गुणा बढी सम्पत्तिको वृद्धि राज्यले गरिबलाई सम्पत्तिको अधिकार दिँदा हुन्छ भन्ने तथ्याङ्क पनि नआएका हैनन् ।

भ्रष्टाचार, कमजोर विधिको कमजोर शासन र अनावश्यक कर्मचारीतन्त्रको भारले गर्दा नयाँ उद्योग र वैदेशिक लगानीलाई हतोत्साही पार्छ । भारतमा आर्थिक सुधार आउनुभन्दा पहिले सरकारी कर्मचारीहरूलाई बाटोमा सामान ल्याउँदा पनि व्यापारीहरूले घुस खुवाउनु पर्थ्यो । यस्तो हस्तक्षेपी तत्वहरूले धेरैजसो साना उद्योगी व्यवसायीहरूलाई हानी पुऱ्याउँछ, जुन क्षेत्रमा धेरै रोजगारीहरू सिर्जना हुन्छन् ।

आर्थिक स्वतन्त्रताले धेरै र चाँडो सम्पत्ति सिर्जना गर्छ भन्ने कुरा अब विवादको विषय रहेन । आर्थिक स्वतन्त्रताले धेरै गरिबलाई मद्दत गर्दछ । विभिन्न तथ्याङ्कहरूले देखाएअनुसार सबैभन्दा गरिब १०

प्रतिशतले आर्थिक रूपमा कम स्वतन्त्र राष्ट्रमा ७२८ डलर कमाउँछ भने आर्थिक रूपमा सबैभन्दा स्वतन्त्र राष्ट्रमा ७००० डलर कमाउँदछ। साधारण तरिकाले भन्दा गरिब र आर्थिक स्वतन्त्रता नभएको राष्ट्रमा भन्दा आर्थिक स्वतन्त्रता भएको धनी राष्ट्रमा गरिब भएर जन्मनु राम्रो हुन्छ। उदाहरणका लागि सिङ्गापुर एक्लैको वार्षिक निर्यात (२६७० खर्ब डलर) सम्पूर्ण दक्षिण एसियाको (२२४० खर्ब डलर) भन्दा धेरै छ। अब तपाई आफैं अनुमान गर्न सक्नु हुन्छ कि त्यहाँका गरिबको आय कति होला भनेर।

# आर्थिक स्वतन्त्रताका केही अन्तर्राष्ट्रिय अनुभवहरू

आर्थिक स्वतन्त्रताका फाइदाहरुका बारेमा हामीले केही राष्ट्रको बारेमा जानकारी राखे पनि धेरै जानकारीहरु पाउन सक्दछौं।

## चिली

आर्थिक रूपमा धरासायी भएपछि सन् १९७३ पछि चिलीको आर्थिक स्वतन्त्रता तर्फको पाइला सुरु भएको थियो। सन् १९८२ सम्ममा त्यहाँको आर्थिक क्षेत्रमा सरकारको हस्तक्षेप कम गरियो भने निजीकरणलाई

तीव्रता दिइयो, करमा कटौती गरियो, वैदेशिक लगानीलाई प्रोत्साहित गरियो र व्यापार व्यवसायका अवरोधहरू हटाइयो । पेन्सन दिने व्यवस्थालाई समेत यो अवधिमा निजीकरण गरियो । शिक्षा, सामाजिक सुरक्षा र स्वास्थ्य सेवाजस्ता क्षेत्रहरूलाई पनि निजीकरण गरिएकाले सार्वजनिक खर्चमा भारी कटौती भयो । यस राष्ट्रको लक्ष्य नै उद्यमीहरूको राज्यका रूपमा आफूलाई चिनाउनु रहेको थियो ।

तर एकैचोटी गरिएका यी उदार नीतिहरूबाट चिलीमा प्रतिस्पर्धाले गर्दा धेरै उद्योगहरू बन्द हुन पुगे भने गरिबी र बेरोजगारीको सङ्ख्यामा पनि वृद्धि गरायो । यसपछि दोस्रोपटक सुधारका नीतिहरू ल्याइयो र फलस्वरूप निर्यातमा अधिकतम वृद्धि भयो भने अन्य अर्थतन्त्रका तुलनामा चिलीको अर्थतन्त्र असाधारण रूपमा विकास भयो । त्यसपछि आर्थिक स्वतन्त्रताले गर्दा त्यहाँ राजनीतिक सुधार आयो र अन्त्यमा तानाशाही शासनलाई प्रजातन्त्रले विस्थापित गर्‍यो । सन् १९८७ मा रहेको ४६ प्रतिशतको गरिबी दर सन् २००६ मा १३.७ प्रतिशतमा झर्‍यो ।

विश्वको आर्थिक स्वतन्त्रता सूचकाङ्कमा चिली १४औं स्थानमा रहेको छ ।

# न्यूजिल्याण्ड

न्यूजिल्याण्डको आर्थिक स्वरूपमा आएको परिवर्तन पनि कम असाधारण छैन । त्यहाँको सरकारले सन् १९७० को दशकमा धेरै हस्तक्षेपी नीतिहरू ल्याएर र अधिकतम कर लिएर अर्थतन्त्रलाई धेरै कमजोर बनाएको थियो । तर पछि कृषिबाट अनुदान हटायो, आयकर घटायो, वैदेशिक मुद्रामाथिको नियन्त्रण हटायो, आयातनिर्यात कर घटायो, सरकारी उद्योगहरू जस्तै दूरसञ्चार, डाँकघर, हवाईजहाज आदिलाई निजीकरण गरायो र सार्वजनिक खर्चमा कटौती गरायो । न्यूजिल्याण्डको यो पहिलो चरणको आर्थिक सुधारलाई रोजरनमिक्स भनिन्छ ।

सन् १९९० मा भएको चुनावपछि रुथ रिचार्डसन अर्थमन्त्री भए । उनले ल्याएको आर्थिक सुधारलाई रुथानासिया भनिन थालियो । रोजरनमिक्स पछि न्यूजिल्याण्डको आर्थिक स्थिति सोचेअनुरूप नभएपछि टाट पल्टिने स्थितिमा पुग्यो र वित्तीय सङ्कट आयो । यसले गर्दा रुथानासियालाई सामाजिक सेवा र श्रमको सम्बन्धमा ध्यान केन्द्रित गर्न मद्दत पुऱ्यायो र यसपछि सन् १९९३ मा ल्याइएको सामाजिक सुरक्षा कार्यक्रम र रोजगारी करार ऐनले न्यूजिल्याण्डलाई एक समृद्ध राष्ट्र बनाउन मद्दत गऱ्यो ।

अहिले न्यूजिल्याण्डको आर्थिक स्वतन्त्रताको सूचकाङ्क ३ रहेको छ ।

## भारत

सन् १९७० को अन्त्यतिर उदारवादी व्यवस्था रोकिएपछि भारतको अर्थतन्त्र नियन्त्रित भयो भने आर्थिक क्षेत्रमा राज्यको हस्तक्षेप बढ्न थाल्यो । सन् १९९१ मा मनमोहन सिंह अर्थमन्त्री भएपछि सुधार कार्यक्रमअन्तर्गत लाइसेन्स प्रथालाई निरुत्साहित पार्न थालियो र वित्तीय क्षेत्रमा सुधारहरू ल्याउन थालियो। सन् १९५० देखि सन् १९८० बीचको समयमा ५० प्रतिशतमा रहेको गरिबी सन् २००४ सम्म आइपुग्दा २२ प्रतिशतमा झऱ्यो । कूल जनसङ्ख्याको ५२ प्रतिशत मात्र रहेको शिक्षित जनसङ्ख्या सन् २००१ सम्मको दश वर्षमा बढेर ६५ प्रतिशतमा उक्लियो ।

भारतको आर्थिक स्वतन्त्रता सूचकाङ्क ५३ रहेको छ।

# २

# उद्योग निमार्णको अवधारणा र आर्थिक स्वतन्त्रता

संसारभर, प्रत्येक समाज, संस्कृति, मानवजीवनका पक्षहरूमा उद्यमीहरूले हामीले बाँच्ने, अन्तर्क्रिया गर्ने र जीवनयापन गर्ने तरिकामा परिवर्तन ल्याइरहेका छन् । हाम्रो अस्तित्वलाई खतरा पुऱ्याउने समस्याहरूलाई बढी उत्पादक र सन्तोषपूर्ण बनाउन पनि उद्यमीहरू सफल भइरहेका छन् । प्राणघातक रोग एड्स, क्यान्सर जस्ता रोगको उपचार पत्ता लगाउन लागिपरेका उद्यमीहरूदेखि लिएर सिलिकन उपत्यकामा अत्याधुनिक प्रविधिका यन्त्रहरूको विकास गरिरहेका उद्यमीहरूसम्म, बङ्गलादेशका गरिब किसानहरूलाई कर्जा उपलब्ध गराउन प्रयास गरिरहेका उद्यमीहरूदेखि लिएर घरेलु तथा साना उद्योगमार्फत् नेपालमा एकल महिलाहरूलाई रोजगारी दिइरहेका उद्यमीहरूसम्म सबैले प्रगतितर्फ डोऱ्याउने काम गरिरहेका छन् ।

उद्योग निर्माण भन्नाले उद्यमशीलतालाई प्रोत्साहन गर्ने र निजी क्षेत्रलाई अर्थतन्त्रको मुख्य आधारशिला बनाउने प्रक्रियालाई बुझिन्छ । विश्वभर अनुभव गरिए अनुसार उद्यमशीलताको प्रवर्द्धन र निजी

क्षेत्रको विकास नै गरिबीबाट मुक्ति पाइने बाटो हो । त्यसकारण उद्यमशीलता र निजी क्षेत्रको विकासका लागि अनुकूल वातावरण बनाउन जरुरी छ । कुनै पनि अर्थतन्त्र निजी क्षेत्रमुखी हुनका लागि स्वेच्छिक विनिमयलाई संरक्षण र प्रवर्द्धन गरिनुपर्छ र बजारका विभिन्न बलहरूलाई कुनै पनि अनावश्यक सरकारी हस्तक्षेपबिना स्वतन्त्रतापूर्वक काम गर्न दिइनुपर्दछ । त्यसैगरी उद्योग स्थापना, सञ्चालन र बन्द गर्न सजिलो बनाएर, व्यक्ति तथा उद्योगहरूको सम्पत्तिको उचित रक्षा गरेर, कर्जासम्मको पहुँचमा रोकटोक नगरेर, सरकारी खर्च तथा करको दर कम गरेर उद्योग निर्माणमा सहयोग पुऱ्याउन सकिन्छ ।

## उद्योग निर्माणमा आर्थिक स्वतन्त्रताको भूमिका

उद्यमीहरू जोखिम मोल्ने प्रवृत्तिका हुन्छन् र काम गर्न प्रोत्साहन खोज्दछन् । प्रोत्साहन मिल्यो भने उद्योगहरू फस्टाउँछन् अन्यथा राष्ट्रसँगसँगै धरासायी हुन्छन् । उद्योग विकासका लागि आर्थिक स्वतन्त्रता एक अपरिहार्य तत्व हो । आर्थिक स्वतन्त्रता नहुनु भनेको उद्योग विकास नहुनु हो र अन्त्यमा रोजगारीका अवसरहरू गुमेर गरिबी निम्त्याउनु पनि हो ।

माथि भनेजस्तै यदि सरकारको खर्च व्यक्तिको खर्चभन्दा बढी भयो भने व्यक्तिगत छनौटको साटो राज्यको फैसला लिने शक्ति बढ्छ। व्यक्तिगत छनौट गुम्दा उद्योगहरूलाई समाजको चाहना परिपूर्ति गर्ने मौका गुम्छ। त्यस्तै धेरै कर लिंदा व्यक्तिको आय गुम्छ र उसको खर्च गर्ने अवसरहरू पनि कम हुँदै जान्छ।

व्यक्तिको सम्पत्तिको रक्षा गर्नु भनेको आर्थिक स्वतन्त्रताको मुख्य तत्व हो। जबसम्म कुनै उद्यमीलाई आफ्नो सम्पत्तिको सुरक्षाको अनुभूति हुँदैन तबसम्म उनीहरूलाई आफनो समय र सम्पत्ति लगानी गर्न कुनै प्रोत्साहन मिल्दैन।

त्यस्तै विधिको शासन, स्वतन्त्र न्यायपालिका र निष्पक्ष न्यायालयको पनि विकास गर्नु आवश्यक हुन्छ। जबसम्म कुनै उद्यमीलाई आफूले गरेको करारको सम्मान हुन्छ भन्ने निश्चित हुँदैन, तबसम्म अरू क्षेत्रमा जस्तोसुकै नीति ल्याए पनि यो क्षेत्रमा विकास शून्य प्रायः हुन्छ।

स्वतन्त्र रूपमा अन्तर्राष्ट्रिय व्यापार गर्न पाउँदा व्यक्ति र व्यापारीहरूले आफूले चाहेको जस्तो राम्रो सामान सस्तो मूल्यमा पाउँदछन्। यसले गर्दा प्रतिस्पर्धा बढ्छ, ग्राहक सङ्ख्यामा वृद्धि आउँछ, र प्रविधिको विकास भएर अन्त्यमा उद्योग निर्माणमा सहयोग पुग्दछ।

जब बजार प्रवेशका लागि बन्देजहरू लगाइन्छन् र स्वतन्त्र रूपमा बजारलाई चल्न दिँइदैन, तब आर्थिक स्वतन्त्रतामा कमी आउँदछ भने उद्योगको विकास हुन गाह्रो हुँदै जान्छ । ऋण लिनलाई बन्देजहरू लगाउँदा पनि उद्योगको विकासमा बाधाहरू आउँदछन् । श्रममा पनि यस्तै गरियो भने कर्मचारीहरू र रोजगार दाताहरूलाई स्वतन्त्ररूपमा एक अर्काको श्रम किन-बेच गर्न रोक लाग्छ जसले उद्योगको विकासमा प्रत्यक्ष र नकारात्मक असर ल्याउँदछ । व्यापारमा अधिक नियमन गर्दा उद्योगहरूलाई बजारमा प्रवेश र बजारबाट बाहिरिन समस्या भएर प्रतिस्पर्धामा कमी आउँदछ ।

## आर्थिक स्वतन्त्रतासम्बन्धी अवधारणाको बीजारोपण सन्दर्भ

सन् १९६० पूर्वको समयमा अमेरिकालगायत संसारका अधिकांश स्थानमा अर्थशास्त्री लर्ड जोन मेनार्ड किन्सको बृहत् अर्थशास्त्र तथा राज्यको हस्तक्षेपकारी आर्थिक नीतिको प्राधान्यता थियो । यस अवस्थामा ती नीतिविरुद्ध जानु भनेको अमेरिकाभित्र धेरै अवसरहरूबाट वञ्चित हुनु बराबर नै थियो । यस्तो परिस्थितिबीच पनि अमेरिकी अर्थशास्त्री मिल्टन फ्रिडम्यानले विश्वको आर्थिक विकासलाई आर्थिक

स्वतन्त्रतासँग कसरी जोडेर हेर्न सकिन्छ ? भन्ने सोचको विकास गरे ।

अर्थशास्त्री मिल्टन फ्रिडम्यानले सन् १९५० को दशकबाट नै मानव जातिको आर्थिक उपलब्धि र आर्थिक स्वतन्त्रताबीचको सम्बन्धबारे व्याख्यान दिन प्रारम्भ गरेका थिए । राज्यको हस्तक्षेपकारी आर्थिक नीतिका बावजुद उनले तत्कालीन समयमा महत्वपूर्ण मानिएका र राज्यले आर्थिक नीतिभन्दा प्राथमिकतामा राख्ने गरेका मौद्रिक नीतिहरूको आलोचना गर्दै आर्थिक नीतिको महत्वमाथि प्रकाश पार्ने कार्य गर्न थाले । सोभियत गणराज्यको जस्तो अवधारणाबाट विकासलाई अघि बढाउन सकिने विचारको आलोचना गर्दै अर्थशास्त्री फ्रिडम्यानले राज्यको अहस्तक्षेपकारी आर्थिक नीतिका पक्षमा कार्य गरिरहे । आर्थिक मामिलामा राज्य जति बढी नियामक निकायका रूपमा बस्दछ, देशको आर्थिक विकासको गति पनि उत्तिकै द्रुत हुन्छ भन्ने विचार राख्ने अर्थशास्त्री मिल्टन फ्रिडम्यानले यसै सन्दर्भमा सन् १९७० मा पहिलो पटक फ्रेजर प्रतिष्ठानसँग मिलेर आर्थिक स्वतन्त्रताको मापन र प्रकाशनको कार्य प्रारम्भ गरे । प्रारम्भिक समयमा अत्यन्त सरल रहेको यस मापनका सूचकहरूको निरन्तर विकास र विस्तार गर्ने कार्य जारी नै रह्यो । यही सन्दर्भमा सन् १९८९ मा आर्थिक स्वतन्त्रताको मापन सटिक,

समावेशी र सोद्देश्यमूलक बनाउने उद्देश्यले एक कार्यशालाको आयोजना गरियो । यस कार्यशालाको निश्कर्षबाट नै वर्तमान समयको आर्थिक स्वतन्त्रता मापक सूचकहरूको निर्धारण गरिएको हो । यहाँ हामीले बुझ्नुपर्ने कुरा भनेको यस आर्थिक स्वतन्त्रता मापक सूचकमा निरन्तर र समयानुकूल परिवर्तन हुँदै आइरहेको छ ।

## विश्वको आर्थिक स्वतन्त्रता सूचकाङ्क

विश्वको आर्थिक स्वतन्त्रता नाप्ने सूचकाङ्क निर्माणको प्रारम्भिक समयदेखि नै यो तीनवटा सैद्धान्तिक पद्धतिमा आधारित थियो ।

पहिलो, उद्देश्यमूलक भागका रूपमा सर्वेक्षण र मूल्य अवलोकनलाई लिइएको थियो । यद्यपि यसको बहुआयामिक प्रकृतिका कारण र कानुनी तथा नियामक तत्वहरूका कारण यस कार्यमा कहिलेकाहीँ सर्वेक्षणबाट प्राप्त तथ्याङ्क र विज्ञसमुहको सहयोग पनि आवश्यक पर्दछ ।

दोस्रो, आर्थिक स्वतन्त्रता सूचकको तह निर्धारणका लागि आवश्यक पर्ने तथ्याङ्कको उपलब्धता विश्व

बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक मञ्चजस्ता बाह्य स्रोतबाट पनि प्राप्त हुन्छ। अन्तर्राष्ट्रिय स्रोतबाट तथ्याङ्क उपलब्ध नभएको अवस्थामा मात्र यस कार्यमा राष्ट्रिय संस्थाहरूको तथ्याङ्क प्रयोग गरिन्छ।

तेस्रो, यस कार्यमा पारदर्शितालाई विशेष प्राथमिकतामा राखिन्छ । प्रतिवेदनमा सदैव तथ्याङ्कको स्रोतबारे, तथ्याङ्क प्रशोधन गरेर तथ्य निर्माण गर्ने र त्यसलाई निश्कर्ष स्वरूपमा कसरी परिवर्तन गरिएको हो भन्ने बारेको सैद्धान्तिक अवधारणा पनि उल्लेख गरिन्छ । आर्थिक स्वतन्त्रता सूचकको निर्माणमा प्रयोग गरिएका तथ्याङ्कको पूर्ण जानकारी चाहने व्यक्तिहरूले www.freetheworld.com वेबसाइट हेर्न सक्नुहुनेछ।

विश्वको आर्थिक स्वतन्त्रता सूचकाङ्कले निम्नलिखित पाँच क्षेत्रका आधारमा आर्थिक स्वतन्त्रता श्रेणीको मापन गर्दछ :

१) सरकारको आकार : सरकारी खर्च, कर र उद्योगधन्दा
२) कानुनी संरचना र सम्पत्तिसम्बन्धी अधिकारको सुरक्षा
३) असल मुद्रा (Sound Money) माथिको पहुँच
४) अन्तर्राष्टिभ्रूय व्यापारमा स्वतन्त्रता
५) कर्जा, श्रम र व्यापारमाथिको नियमन

उपर्युक्त पाँच मुख्य क्षेत्रअन्तर्गत यस वर्षको सूचकाङ्कमा २३ वटा अन्य तत्वहरू पनि समाविष्ट छन् । यी २३ वटा तत्वहरू पनि आफैमा अनेकन सहायक तत्वहरूको मेलबाट बनेका छन् । समग्रमा यो सूचकाङ्क कूल ४२ वटा चलहरूको योगबाट बनेको छ । यी प्रत्येक तत्व र त्यसका सहायक तत्वहरूलाई ० (शून्य) देखि १० मानको मापनक्रममा व्यवस्थित तरिकाले राखिन्छ । यसले तथ्याङ्क वितरणको आन्तरिक व्यवस्थापनलाई सङ्केत गर्दछ । तल विश्वको आर्थिक स्वतन्त्रता सूचकाङ्क अन्तर्गत रहेका तत्वहरू र ती तत्वहरू अन्तर्गत रहेका सहायक तत्वहरूको विवरण संक्षेपमा दिइएको छ ।

## विश्वको आर्थिक स्वतन्त्रता सूचकाङ्कका क्षेत्र, तत्वहरू र सहायक तत्वहरू

### १. सरकारको आकार : सरकारी खर्च, कर उद्योगधन्दा

- कूल उपभोगमा सरकारी उपभोग खर्चको प्रतिशत
- कूल गार्हस्थ उत्पादनमा रकमान्तर र सहुलियतको प्रतिशत

- सरकारी उद्योगधन्दा र लगानी
- सीमान्त करको उच्च दर
- सीमान्त आयमाथि लाग्ने करको उच्च दर
- उच्च सीमान्त आय र आयकरको दर

## २. कानूनी संरचना र सम्पत्तिसम्बन्धी अधिकारको सुरक्षा

- न्यायपालिकाको स्वतन्त्रता
- निष्पक्ष अदालत
- सम्पत्तिसम्बन्धी अधिकारको सुरक्षा
- कानूनी शासन र राजनैतिक प्रक्रियामा सैन्य हस्तक्षेप
- कानूनी प्रणालीको पूर्णता
- सम्झौताहरुको कानूनी सबलीकरण
- अचल सम्पत्तिको बिक्रीमा नियामक अवरोध

## ३. असल मुद्रामाथिको पहुँच

- मुद्रा प्रसार
- मुद्रास्फीतिको मानक विचलन
- विगत केही बर्षको मुद्रास्फीति
- विदेशी मुद्रायुक्त बैंक खातामाथि पहुँचको स्वतन्त्रता

## ४. अन्तर्राष्ट्रिय व्यापारको स्वतन्त्रता

- अन्तर्राष्ट्रिय व्यापारमा कर
  -व्यापारमाथिको करबाट प्राप्त राजस्व
  -वस्तुको आयात तथा निर्यात कर दरको मध्यक
  -वस्तुको आयात तथा निर्यात कर दरको मानक विचलन
- व्यापारमा नियामक बाधाहरु
  -गैरकरमूलक व्यापार अवरोध
  -आयात तथा निर्यातमा निर्धारित लागत
- आशाअनूरुपको व्यापार क्षेत्रको आकार
- कालो बजारको विनिमय दर
- अन्तर्राष्ट्रिय पूँजीबजारको नियन्त्रण
  -वैदेशिक स्वामित्व/लगानीमाथिको अवरोध
  -पूँजीको नियन्त्रण

## ५. कर्जा, श्रम र व्यापारको नियमन

- कर्जा बजारको नियमन
  -बैंकको स्वामित्व
  -विदेशी बैंकसँगको प्रतिस्पर्धा
  -निजी क्षेत्रको भरोसा
  -व्याजदरमा नियन्त्रण/नकारात्मक वास्तविक व्याजदर

- श्रमबजारको नियमन
  -न्यूनतम ज्याला र नियुक्तिको नियमन
  -नियुक्ति र निकालाको व्यवस्था
  -केन्द्रीकृत सामूहिक सौदाबाजी
  -कार्यसमयको नियमन
  -कामदारको निष्कासनमा निश्चित उपदानको व्यवस्था
  -राष्ट्रसेवाको अनिवार्यता
- व्यापार नियमन
  -मूल्य नियन्त्रण
  -प्रशासनिक
  -पूर्वावश्यकताहरु
  -कर्मचारीतन्त्रको खर्च
  -व्यापारको आरम्भ
  -घुसखोरी
  -इजाजतमा अवरोध
  -करको पूर्वनिर्धारित मूल्य

## विश्वको आर्थिक स्वतन्त्रता सूचकाङ्कमा नेपाल

सन् २०११ सम्म आइपुग्दा फ्रेजर प्रतिष्ठानले विश्वको आर्थिक स्वतन्त्रता प्रतिवेदन प्रकाशन गर्न प्रारम्भ गरेको एकतीस वर्ष पूरा भएको छ । यस प्रतिष्ठानले

संसारका धेरै देशहरूको आर्थिक स्वतन्त्रताको मापन र त्यसको प्रतिवेदन प्रकाशन गर्ने क्रमसँगै नेपालको आर्थिक स्वतन्त्रताको मापन र अन्य देशहरूका तुलनामा नेपालको क्रम निर्धारण गर्ने कार्य पनि प्रारम्भ गऱ्यो । विश्वको आर्थिक स्वतन्त्रता मापन आरम्भ भएको पन्ध्र वर्षपछि मात्र यस कार्यले नेपालमा पनि प्रवेश पाएको हो ।

## नेपालको २०११ को सूचकाङ्कमा भएका उतारचढावहरु

नेपालको स्थान २०११ सम्म आइपुग्दा विगतको भन्दा केही घटेको छ । समग्रमा विश्वकै आर्थिक स्वतन्त्रताको तहमा कमी आएका सन्दर्भमा यस वर्ष नेपाल १४१ मूलुकमध्ये १२९ औं स्थानमा ५.५० अङ्क हासिल गर्न सफल भएको छ । यद्यपि, नेपाल अझै पनि विश्वमा आर्थिक स्वतन्त्रताको तह अत्यन्त कम भएको मूलुकमा गनिन्छ ।

आर्थिक स्वतन्त्रता मापन गर्ने पाँचै परिसूचकमा नेपालको प्रर्दशन त्यति राम्रो रहेको छैन । यी परिसूचकहरू हुन् : सरकारको आकार, असल मुद्रा (साउन्ड मनि) माथिको पहुँच, अन्तर्राष्ट्रिय व्यापार

गर्ने स्वतन्त्रता र ऋण, श्रम र व्यापारसम्बन्धी कानून र सम्पत्तिका अधिकार हुन् । नेपालले विगतको वर्षका तुलनामा यी पाँचमध्ये केही परिसूचकको अङ्क र स्थानमा सुधार ल्याए तापनि नेपालको आर्थिक स्वतन्त्रताको समग्र प्रर्दशनमा निरन्तर ह्रास आइरहेको छ ।

मापन गरिएका ५ प्रमुख क्षेत्रहरु मध्ये, नेपालको स्थान र सुचाङ्क यस प्रकार छ : *(१ देखि १० सम्मको सूचाङ्कमा जति उच्च सूचाङ्क ल्यायो त्यति बढि अर्थिक स्वतन्त्रता जनाउँछ)*

**सरकारको आकार** : ६.२० बाट घटेर ६.१०
**कानुनी संरचना तथा सम्पत्ति माथिको अधिकारको सुरक्षा** : ३.४० बाट सुधार भएर ३.५१
**असल मूद्रामाथिको पहूँच** : ६.३६ बाट घटेर ६.१०
**अन्तर्राष्ट्रिय व्यापार गर्नका लगि स्वतन्त्रता** : ५.०० बाट बढेर ५.४०
**कर्जा, श्रम र व्यापारसम्बन्धी कानुन** : ६.१६ बाट घटेर ६.०

विश्वको आर्थिक स्वतन्त्रताको यस प्रतिवेदनले विभिन्न ४२ वटा मापदण्ड प्रयोग गरी आर्थिक स्वतन्त्रता सूचाङ्कको निर्माण गरेको छ जसका

आधारमा विश्वका विभिन्न मुलुकहरुको स्थान र सूचाङ्क मापन गरिन्छ । आर्थिक स्वतन्त्रताका आधारभूत मापदण्डहरु व्यक्तिगत स्वतन्त्रता (छान्न पाउने अधिकार), व्यापार गर्ने स्वतन्त्रता, खुल्ला प्रतिस्पर्धा र निजी सम्पत्तिको सुरक्षा रहेका छन् । यस वर्षको प्रतिवेदनले विश्वको ९५ प्रतिशत जनसंख्या (२००९ - तथ्याङ्क उपलब्ध भएको सबैभन्दा पछिल्लो वर्ष) समेट्दै १४१ मुलुकहरुको मापन गरेको छ ।

आर्थिक स्वतन्त्रतालाई पाँच विभिन्न क्षेत्रमा मापन गरिन्छ : १) सरकारको आकार, २) कानूनी संरचना तथा सम्पति अधिकारको सुरक्षा, ३)असल मुद्रामा पहुँच ४)अन्तर्राष्ट्रिय व्यापार गर्ने स्वतन्त्रता र ५) कर्जा, श्रम र व्यापारमाथिको नियन्त्रण ।

हङ्कङ्ले विश्वभरमा सबैभन्दा उच्चदरको आर्थिक स्वतन्त्रता कायम गरेको छ, १० मध्ये ९.०१ अङ्क हासिल गरेर । त्यसैगरि सिङ्गापुर (८.६८), न्यूजिल्याण्ड (८.२०), स्वीट्जरल्याण्ड (८.०३), अस्ट्रेलिया (७.९८), क्यनाडा (७.८१), चिली (७.७१), संयुक्त अधिराज्य (७.७१), मरिशस (७.६७) र संयुक्त राज्य अमेरिका (७.६०) अरु उच्च अङ्क प्राप्त गर्ने राष्ट्र हुन् ।

जिम्बावे १४१ राष्ट्र मध्ये सबैभन्दा कम आर्थिक स्वतन्त्रता भएको राष्ट्र हो । म्यानमार, भेनेजुएला,

अंगोला , प्रजातान्त्रिक गणतन्त्र कंगो अन्तिम स्थानमा पर्ने राष्ट्र हुन ।

यो रिर्पोट www.freetheworld.com मा पाउन सकिन्छ ।

## नेपालको यस वर्षको सूचकाङ्कमा आएको कमीका कारणहरु

### चुनौती, सुझाव र सम्भावनाहरु

आर्थिक स्वतन्त्रताको अन्तरनिष्ठ तत्वहरुमा नेपालले सरकारको आकारको हिसाबमा १० मा ६.१० पाएको छ। त्यस्तै कानुनी संरचना र सम्पत्ति अधिकारमा ३.५१, असल मुद्रा पहुँचमा ६.१०, अन्तर्राष्ट्रिय व्यापार गर्न स्वतन्त्रतामा ५.४ र ऋण, श्रम र व्यापार व्यवस्थामा ६.०० पाएको छ ।

सरकारको आकार भन्नाले सरकारको खर्चले ओगट्ने अर्थतन्त्रको भाग हो। व्यक्ति, व्यापार आदिको व्यक्तिगत छनौट र आर्थिक स्वतन्त्रता तब घट्छ जब उनीहरुको भन्दा राज्यको अर्थतन्त्रमा भूमिका बढ्छ । नेपाल यदि उक्त अङ्क तालिकामा माथि उक्लन चाहन्छ

भने जनकपुर चुरोट कारखाना, दुग्ध विकास संस्थान, नेपाल वायुसेवा निगम, नेपाल आयल निगम जस्ता घाटामा रहेका उद्योगहरु निजीकरण गर्नुपर्छ वा बन्द गर्नुपर्छ । राज्यले कर घटाएर साधारण जनतालाई आफूले कमाएको सम्पत्ति राख्न दिनुपर्छ ।

कानुनी संरचना र सम्पत्ति अधिकारमा नेपालले बढी अङ्क गुमाएको छ । यसमा सुधार ल्याउन नेपालले अदालतको कारवाही अझ द्रुत गतिमा र अझ दक्ष रुपमा लानुपर्छ । त्यस्तै न्यायाधिश नियुक्तिबाट राजनीतिक प्रभाव हटाउनु पर्छ र व्यापारसँग सम्बन्धित मुद्दाहरुको लागि छुट्टै व्यवसायिक न्यायालय स्थापना गर्नुपर्छ । भूमि हदबन्दी सम्बन्धी ऐन आदि जस्ता सम्पत्ति अधिकारको विरुद्ध रहेका ऐनहरुलाई खारेज गर्नुपर्छ र चोरी, हत्या, अपहरण आदि जस्ता आपराधिक क्रियाकलापलाई सहनु हुन्न । असल मुद्रा प्रति जनताको पहुँच सजिलो बनाउन मुल्यवृद्धि नियन्त्रण गर्नुपर्छ । वित्तीय अनुशासन ल्याउनको लागि केन्द्रीय बैंकबाट राजनीतिक प्रभाव हटाउनुपर्छ ।

स्वतन्त्र बजार प्रवर्द्धन गर्न नेपालले अन्तर्राष्ट्रिय व्यापारमा लाग्ने कर जुन अहिले १२.७ मा छ, त्यसलाई घटाउनु पर्छ किनभने अहिले स्वतन्त्र बजारलाई संसारभरी आर्थिक विकास गर्ने तत्वको

रुपमा लिन थालिएको छ । नेपालमा वैदेशिक लगानी तर्फ अहिले जस्तो वितृष्णा भरिएको नीतिलाई त्याग्नुपर्छ । वैदेशिक लगानीले प्रविधिमा आविस्कार जस्तो आर्थिक विकासको मेरुदण्डलाई प्रोत्साहन गर्नुपर्छ ।

विश्व बैंकको डुइङ *बिजनेस रिपोर्ट* २०१२ का अनुसार नेपालमा व्यापार सुरु गर्न ७ वटा प्रक्रिया, २९ दिन र कुल गार्हस्थ आयको ३७.४ प्रतिशत लाग्छ जबकि आर्थिक रुपमा स्वतन्त्र राष्ट्रहरुमा दुई दिनमा सुरु गर्न सकिन्छ । यी बाहेक नेपालमा गर्न सकिने न्यूनतम ज्याला र कर्मचारीलाई जागीर दिने नियन्त्रणका नीतिहरु हटाउँदै जानुपर्छ । नेपालमा कर्मचारीलाई रोजगार दिनु र रोजगारबाट निकाल्नु झण्डै असम्भव मानिन्छ ।

यस्ता स-साना कदमहरुले नेपाललाई हङ्कङ्, सिङ्गापुर, न्यूजिल्याण्ड आदि राष्ट्रहरु जस्तो आर्थिक विकास तर्फ धकेल्न मद्दत गर्नेछ ।

# नेपालमा आर्थिक स्वतन्त्रता

विश्वको आर्थिक स्वतन्त्रता सूचकाङ्कको मापन र प्रकाशनको क्रमसँगै हालसम्म नेपालमा आर्थिक

स्वतन्त्रताको तह र विश्वभरका देशहरुमध्ये नेपालको स्थानलाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

| **वर्ष (इस्वी सन्मा)** | **सूचकाङ्क (०–१०)** | **नेपालको स्थान** | **देशहरूको कूल संख्या** |
|---|---|---|---|
| १९८० | ५.८ | ३८ | १०५ |
| १९८५ | ५.४ | ६१ | १११ |
| १९९० | ५.३ | ६२ | ११३ |
| १९९५ | ५.३ | ८४ | १२३ |
| २००० | ५.८ | ९५ | १२३ |
| २००१ | ५.७ | ९६ | १२३ |
| २००२ | ५.७ | १०० | १२३ |
| २००३ | ५.३ | ११३ | १२७ |
| २००४ | ५.३ | ११७ | १३० |
| २००५ | ५.६ | १२३ | १४१ |
| २००६ | ५.४ | १२८ | १४१ |
| २००७ | ५.५८ | १२९ | १४१ |
| २००८ | ५.५४ | १२८ | १४१ |
| २००९ | ५.५ | १२९ | १४१ |

*स्रोत :* http://www.freetheworld.com/cgi-bin/freetheworld/getinfo.cgi

*नोट : यस विश्व आर्थिक स्वतन्त्रता प्रतिवेदन, क्यानडा स्थित सार्वजनिक नीति प्रतिष्ठानका रुपमा रहेको फ्रेजर प्रतिष्ठानले विश्वभरका कूल ८० देशमा रहेका निष्पक्ष सार्वजनिक नीति प्रतिष्ठानहरुसँग मिलेर तयार पार्दछ । नेपालका तर्फबाट यस कार्यमा समृद्धि, द प्रोस्पेरिटी फाउन्डेसन पनि संलग्न छ ।*

# आर्थिक स्वतन्त्रता तथा मानवीय विकासका अन्य परिसूचकहरूसँग यसको सम्बन्ध

आर्थिक स्वतन्त्रताले आर्थिक विकासमा मात्र प्रत्यक्ष रुपमा असर पार्ने मात्र नभई मानवीय विकास अन्य परिसूचकहरु जस्तै प्रति व्यक्ति आय, औसत आयु, साक्षरता दर, स्वास्थय सेवाको गुणस्तर आदि जस्ता कुराहरुसँग जोडिएको छ । अध्ययनहरुले देखाएका छन् कि आर्थिक स्वतन्त्रताको सबैभन्दा तल्लो चौथाइमा पर्ने देशहरुको तुलनामा आर्थिक रुपमा स्वतन्त्र देशहरु भारी फरकले समृद्ध, बढी साक्षर, बढी गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्ने तथा तथा बढी बाँच्ने हुन्छन् । तलका चार्टहरुले यी कुराहरुलाई स्पष्ट रुपमा पुष्टि गर्छन् ।

# नेपाल


## आर्थिक स्वतन्त्रताको तह (० देखि १० सम्म)




## आर्थिक स्वतन्त्रताको स्तर

| साल | १९७० | १९७५ | १९८० | १९८५ | १९९० | १९९५ | २००० | २००१ | २००२ | २००३ | २००४ | २००५ | २००६ | २००७ | २००८ | २००९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कूल देशहरु | - | - | १०५ | १११ | ११३ | १२३ | १२३ | १२३ | १२३ | १२७ | १३० | १४१ | १४१ | १४१ | १४१ | १४१ |
| नेपालको स्थान | – | – | ३९ | ६० | ६४ | ८७ | ९६ | ९६ | १०५ | ११७ | १२१ | १२९ | १२९ | १२८ | १२८ | १२९ |


## चार्ट १ : आर्थिक स्वतन्त्रता तथा प्रति व्यक्ति आय




*स्रोत : फ्रेजर इन्स्टिटच्युट, **इकोनोमिक फ्रिडम अफ द वर्ल्ड: २०११** वार्षिक प्रतिवेदन; विश्व बैंक, विश्व विकास परिसूचकहरु*


चार्ट नं. १ ले देखाएअनुसार आर्थिक रुपमा सबभन्दा बढी स्वतन्त्र देशहरुको प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन आर्थिक रुपमा सबैभन्दा कम स्वतन्त्रता देशहरुको तुलनामा २६,९५६ अमेरिकी डलरले बढी छ । यसको अर्थ जति आर्थिक स्वतन्त्रता बढी हुन्छ, त्यति नै देशका जनताहरुको प्रति व्यक्ति आय पनि बढी हुन्छ ।

## चार्ट २ : आर्थिक स्वतन्त्रता तथा सबभन्दा गरिब दश प्रतिशत जनसंख्याको प्रति व्यक्ति आय, २००९




*स्रोत : फ्रेजर इन्सिटच्युट,* ***इकोनोमिक फ्रिडम अफ द वर्ल्ड:*** *२०११ वार्षिक प्रतिवेदन; विश्व बैंक, विश्व विकास परिसूचकहरु*

## चार्ट ३ : आर्थिक स्वतन्त्रता तथा औसत आयु, २००९





*स्रोत : फ्रेजर इन्सिटच्युट,* ***इकोनोमिक फ्रिडम अफ द वर्ल्ड:*** *२०११ वार्षिक प्रतिवेदन; विश्व बैंक, विश्व विकास परिसूचकहरु*

चार्ट नं. २ ले देखाएअनुसार आर्थिक रुपमा सबभन्दा बढी स्वतन्त्र देशहरुको सबभन्दा गरिब दश प्रतिशत जनसंख्यालाई आर्थिक रुपमा सबभन्दा कम स्वतन्त्र देशहरुको सबभन्दा गरिब दश प्रतिशतसँग तुलना गर्दा बढी स्वतन्त्र देशहरुका गरिबहरुको आय ७६,७४ अमेरिकी डलरले बढी छ । यसको अर्थ गरिबी निवारण गर्नका लागि पनि आथिक स्वतन्त्रता अत्यन्त आवश्यक पर्छ ।

चार्ट नं. ३ ले देखाएअनुसार आर्थिक रुपमा सबभन्दा बढी स्वतन्त्र देशहरुको सबभन्दा कम स्वतन्त्र देशहरुसँग तुलना गर्दा बढी स्वतन्त्र देशहरुमा औसत आयु लगभग २० वर्षले बढी छ। यसको अर्थ औसत आयु बढी हुनका लागि पनि आथिक स्वतन्त्रता अत्यन्त आवश्यक पर्छ।


चार्ट नं.४ ले देखाएअनुसार आर्थिक स्वतन्त्रतासँगै साक्षरता दर पनि बढ्छ, विषेश गरी महिलाहरुमा । आर्थिक रुपमा सबभन्दा बढी स्वतन्त्र देशहरुको महिलाको साक्षरता दर सबभन्दा कम स्वतन्त्र देशहरुसँग तुलना गर्दा बढी स्वतन्त्रता भएका देशहरुमा महिलाहरुमा २८.२ प्रतिशत बढी साक्षरता रहेको छ । यसको अर्थ औसत आथिक स्वतन्त्रता साक्षरता जस्तो कुराका लागि पनि जरुरी छ भन्ने बुझिन्छ।

## चार्ट ४ : आर्थिक स्वतन्त्रता तथा साक्षरता, २०००-२००९




*स्रोत : फ्रेजर इन्सिटच्युट, **इकोनोमिक फ्रिडम अफ द वर्ल्ड:** २०११ वार्षिक प्रतिवेदन; विश्व बैंक, विश्व विकास परिसूचकहरु*

## चार्ट ५ : आर्थिक स्वतन्त्रता तथा स्वास्थ्य सेवाको गुणस्तर, २००९




*स्रोत : फ्रेजर इन्सिटच्युट, **इकोनोमिक फ्रिडम अफ द वर्ल्ड:** २०११ वार्षिक प्रतिवेदन; विश्व बैंक, विश्व विकास परिसूचकहरु*

**"आफ्नो देशका साधारण जनताले प्राप्त गर्ने स्वास्थ्य सेवालाई तपाईँ कत्तिको गुणस्तरीय मान्नुहुन्छ ?" भनेर सोधिएको प्रश्नमा आधारित जवाफ । यहाँ १ ले अन्यन्त निम्न तहको गुणस्तर र ७ ले उच्च तहको गुणस्तर र सबभन्दा राम्रोमध्ये जनाउँदछ (एजुकेटिभ ओपिनियन सर्भेमा आधारित) ।*

चार्ट नं. ५ ले देखाएअनुसार आर्थिक स्वतन्त्रतासँगै आर्थिक स्वतन्त्रतासँगै गुणस्तरीय ठानिने स्वास्थ्य सेवा पनि बढी उपलब्ध हुन्छ । अध्ययनमा आर्थिक रुपमा सबभन्दा कम स्वतन्त्र देशहरुको स्वास्थ्य सेवा कम गुणस्तरीय रहेको र आर्थिक रुपमा सबभन्दा सबभन्दा बढी स्वतन्त्र देशहरुको स्वास्थ्य सेवा बढी गुणस्तरीय रहेको पाइएको थियो । यसको अर्थ गुणस्तरीय स्वास्थ्य सेवा विकासका लागि पनि आर्थिक स्वतन्त्रता जरुरी छ भन्ने बुझिन्छ ।

# सन्दर्भ सामग्री

http://www.cato.org/pub_display.php?pub_id=3512

www.surathgiri.com

Debroy, B. "*Handbook of Transformation to Market Economy*". (FUR DIE FREIHEIT)

Economic Freedom of the World Report, Fraiser Institute (Various issues)

# नेपाल उद्योग वाणिज्य महासंघ
## एक परिचय

**Vision :** "Leading the Nation's Economic Progress"

**Mission :** "Facilitating Nepalese Businesses Become Globally Competitive"

**स्थापना :** नेपालको निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्थाको रुपमा वि.सं. २०२२ साल ।

**उद्देश्यहरुः**

- मुलुकभरका उद्यमी व्यवसायीहरुको हक अधिकार संरक्षण गर्दै आर्थिक सामाजिक विकासको प्रवर्द्धनमा भूमिका निर्वाह गर्ने,
- विश्व आर्थिक परिप्रेक्षमा हुने परिवर्तनलाई आत्मसाथ गरी खुला अर्थतन्त्रको विकासमा प्रभावकारी र सशक्त योगदान पुऱ्याउने,
- राष्ट्रिय आर्थिक लक्ष्य प्राप्ति, राष्ट्रिय अर्थतन्त्रको स्वतन्त्र विकासका लागि उद्योग व्यवसायको विकासमा सर्वोच्च अंगको रुपमा काम गर्ने,
- औद्योगिक सुसम्बन्ध कायम गर्ने दिशामा कार्यक्षेत्रमा रोजगारदाता र कामदार/कर्मचारीहरु बीचको सम्बन्ध सुमधुर बनाउने तथा रोजगारदाताहरुको हक अधिकार संरक्षणमा राष्ट्रियको अंगको भूमिका निर्वाह गर्ने ।

## महासंघका संस्थापक सदस्यहरु

- झापा उद्योग वाणिज्य संघ
- झापा उद्योग संघ
- मोरङ व्यापार संघ
- सुनसरी उद्योग वाणिज्य संघ
- सप्तरी उद्योग वाणिज्य संघ
- जनकपुर उद्योग वाणिज्य संघ
- नेपाल चेम्बर अफ कमर्स
- उद्योग वाणिज्य संघ-नारायणगढ
- पोखरा उद्योग वाणिज्य संघ
- स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघ
- बुटवल उद्योग वाणिज्य संघ
- सिद्धार्थनगर उद्योग वाणिज्य संघ
- वागलुङ उद्योग वाणिज्य संघ

## हाल महासंघको सदस्य संख्या

- ७५ वटै जिल्लामा - ९२ जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरू
- प्रमुख आर्थिक क्षेत्रहरूको प्रतिनिधित्व गर्ने – ८० वटा वस्तुगत संघहरू
- मित्र राष्ट्रहरू र नेपालबीचको आर्थिक व्यापारिक सम्बन्ध विस्तारका क्षेत्रमा कार्य गर्ने १० वटा द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरू
- विभिन्न उद्योग प्रतिष्ठान, बैंक तथा वित्तिय संस्थाहरु गरी ४५३ वटा एसोसिएट सदस्यहरु
- अप्रत्यक्ष रुपमा महासंघबाट १ लाखभन्दा बढी औद्योगिक एवम् व्यावसायिक एकाइको प्रतिनिधित्व
- नेपाल सरकारपछिको दोस्रो ठूलो सञ्जाल

## महासंघको सचिवालय

टेकुस्थित आफ्नै सुविधासम्पन्न सचिवालय

## महासंघको जनशक्ति

विभिन्न क्षेत्रमा विशेषज्ञता हासिल गरेका विज्ञहरु समेत गरी १ सय जना कर्मचारीहरु

## महासंघको प्रतिनिधित्व

नेपाल सरकारद्वारा गठित विभिन्न समिति, परिषद, वोर्ड, फोरमहरु प्रतिनिधित्व ।

## अन्तर्राष्ट्रिय प्रतिनिधित्व एवं सम्पर्क विस्तार

- विश्वका सबै राष्ट्रियस्तरका उद्योग वाणिज्य संघहरूको अन्तर्राष्ट्रिय संस्था वाणिज्य संघ (ICC)
- साना तथा मझौला उद्यमहरूको विश्व संगठन (WASME)
- विकासोन्मुख देशहरूको ७७ समूह (G77)
- अन्तर्राष्ट्रिय रोजगारदाता संगठन (IOE)
- अन्तर्राष्ट्रिय श्रम संगठन (ILO)
- एसिया प्यासिफिक सेन्टर (APC)
- सार्क उद्योग वाणिज्य संघ (SCCI)
- एसियन ट्रेड प्रमोशन फोरम (ATPF)
- एसिया-प्रशान्त क्षेत्रका उद्योग वाणिज्य संघहरूको परिसंघ (CACCI)
- संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास संगठन (UNIDO)
- अन्तर्राष्ट्रिय श्रम संगठन(ILO),
- संयुक्त राष्ट्रसंघीय व्यापार तथा विकास सम्मेलन/व्यापार तथा भन्सारसम्बन्धी सामान्य सम्झौता (UNCTAD/GATT)

- संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP),
- एसियाली उत्पादकत्व संगठन (APO),
- दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्क (SAARC)
- भारत, चीन, जापान, यूरोपेली राष्ट्रहरु समेत गरी करिब तीन दर्जन देशहरुका राष्ट्रिय उद्योग वाणिज्य संघ/महासंघहरुसँग आपसी सम्बन्ध स्थापित ।

## सांगठनिक संरचना

- साधारण सभा
- कार्यकारिणी समिति
- स्थायी समिति सदस्य
- पदाधिकारी समिति (अध्यक्ष, निवर्तमान अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु)
- विभिन्न समिति, फोरम, परिषद, समूह
- सचिवालय (महानिर्देशक)
- विभिन्न विभाग तथा शाखाहरु
- परियोजनाहरु

**थप जानकारीका लागि**

पचलि शहिद शुक्र एफएनसीसीआई मार्ग, टेकु
पो.ब. नं. :२६९, काठमाण्डौं, नेपाल
फोन नं. : (००९७७)-१-४२६२०६१/४२६२२१८/४२६६८८९
फ्याक्स नं. : (००९७७)-१-४२६१०२२/४२६२००७
ई-मेल : fncci@mos.com.np
वेबसाइट : http://www.fncci.org

# समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
## एक परिचय

*समृद्धि, द प्रोस्पेरिटी फाउन्डेसन* गैर राजनीतिक, स्वतन्त्र, मुनाफा वितरण नगर्ने शैक्षिक तथा अनुसन्धान मूलक संस्था हो । काठमाण्डौस्थित यस फाउन्डेसनले सार्वजनिक नीतिहरूमा सन् २००८ देखि अध्ययन तथा अनुसन्धान गर्दै आइरहेको छ । यस संस्थाले एउटा समृद्ध र लोकतान्त्रिक नेपालको परिकल्पना गर्दछ जहाँ विधिको शासनको सम्मान गर्दै, अवसरहरूमाथि समान पहुँचसहित सबै नेपालीहरूले सम्मानजनक जीवनयापन गर्न सकून् । यसै परिकल्पनामा आधारित भई यस *समृद्धिले* आफ्ना कार्यक्रम तथा योजनाहरू तर्जुमा गर्दछ । तसर्थ, आफ्नो अवधारणालाई प्राप्त गर्नका लागि समृद्धिले तीन प्रमुख माध्यमहरू अबलम्बन गर्दछ :

- स्वतन्त्र अनुसन्धान तथा प्रकाशन
- शैक्षिक तथा तालिम कार्यक्रम
- बहस, पैरवी तथा सार्वजनिक सहभागिता

लोकतन्त्रको सुदृढिकरण र नेपालको आर्थिक वृद्धिमा केन्द्रित रही आफूलाई निरन्तर सक्रिय गराइरहेको यस संस्थाले अर्थ-राजनीतिक सन्दर्भका निम्नलिखित चार कार्यक्षेत्रका विषयहरूमा आफूलाई केन्द्रित गराई आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दछ :

१) उद्यमशीलता विकास

२) व्यवसायिक वातावरणमा सुधार

३) आर्थिक नीतिमा सुधार

४) लोकतन्त्रका विषयमा छलफल तथा बहस

माथि उल्लेख गरिएका माध्यम तथा कार्य क्षेत्रहरुमा आधारित रही समृद्धिले गर्ने कार्यक्रमहरुको संक्षिप्त परिचय यस प्रकार छ :

## १) उद्यमशीलताको विकास

आर्थिक समृद्धिलाई आफ्नो प्रमुख मुद्दा बनाएको यस संस्थाले आर्थिक समृद्धि सम्भव बनाउने एक महत्वपूर्ण संयन्त्रका रूपमा उद्यमशीलतालाई पहिचान गर्दछ । विषेश गरी राष्ट्रका युवाहरूभित्र रहेको उद्यमशीलतालाई उजागर गर्नका निम्ति यस संस्थाले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दछ ।

**अनुसन्धान तथा प्रकाशन** : *समृद्धिले* उद्यमशीलताका विषयमा खोज तथा अनुसन्धान गरी उद्यमीहरूका लागि उपयोगी हाते पुस्तक, विभिन्न पकेट बुक, छलफल पत्रहरू, लेखहरू, उद्यमशीलतालाई असर पार्ने नीतिहरूको विश्लेषण र उक्त विश्लेषणमा आधारित नीतिपत्रहरू लगायतका सामग्रीहरू प्रकाशन गर्दछ ।

**शैक्षिक तथा तालिम कार्यक्रम** : *समृद्धिले* शैक्षिक तथा तालिम कार्यक्रमहरूमा आफूलाई केन्द्रित गरी उद्यमशीलताको विकासमा आवासीय कार्यक्रम, छलफल कार्यक्रम, उद्यमशीलतासँग सम्बन्धित वृत्तचित्रको प्रदर्शनी, बजार तथा अर्थतन्त्रलाई प्रभाव पार्ने नीतिगत व्यवस्थाहरूमाथिको छलफललगायतका विभिन्न कार्यहरू गर्दछ ।

(क) अर्थालय : सन् २००९ देखि सञ्चालन भइरहेको यो कार्यक्रम अर्थतन्त्र तथा उद्यमशीलतासम्बन्धी पाँच दिने आवासीय विद्यालय हो ।

(ख) बुट क्याम्प : बुट क्याम्प त्यस्ता व्यक्तिहरूका लागि तयार पारिएको कार्यक्रम हो जो या त आफ्नै उद्यम सञ्चालन गर्ने क्रममा रहेका हुन्छन् या आफ्नो उद्यम वा व्यवसायको सुरुवातमा रही त्यसलाई अझ विस्तार गर्ने क्रममा रहेका हुन्छन् । त्यस्ता उद्यमशील व्यक्तिहरूलाई यस बुट क्याम्पमा व्यवसाय, व्यवसायसँग सम्बन्धित कानूनी तथा अन्य व्यवहारिक सल्लाहलगायत सीपहरूका बारेमा तालिम दिइन्छ ।

(ग) आर्थिक राजनीतिक स्रोतकेन्द्र : आर्थिक तथा राजनीतिक विषयहरूसँग सम्बन्धित १०,००० भन्दा बढी पुस्तक, प्रतिवेदन लगायतका अन्य प्रकाशनहरू र श्रव्य तथा दृश्य सामग्रीहरू रहेको यो स्रोत केन्द्र समृद्धिको कार्यालय परिसरमा रहेको छ ।

**बहस, पैरवी तथा सार्वजनिक सहभागिता** : यसअन्तर्गत उद्यमशीलता विकासमा समृद्धिले सफल उद्यमीहरूको सफलताको यात्राकथा सुन्दै उनीहरूको अनुभवबाट सिक्ने मौका प्रदान गर्नेजस्तो मासिक कार्यक्रम जस्तै “उद्यमीसँग महिनाको अन्तिम बिहिबार” विगत दुई वर्षदेखि निरन्तर सञ्चालन गर्दै आइरहेको छ । यसबाहेक २२ भन्दा बढी कलेजहरूमा उद्यमी क्लबहरू स्थापना गर्नेदेखि लिएर हरेक वर्ष “विश्व उद्यमशीलता सप्ताहका” अवसरमा नेपालमा *समृद्धिले* कार्यक्रमहरू गर्दै आएको छ ।

## २) व्यवसायिक वातावरणमा सुधार

विभिन्न अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले वर्षेनी देखाएअनुसार नेपालमा व्यवसाय गर्ने वातावरण आर्थिक वृद्धिमुखी छैन । नेपालको आर्थिक विकासले गति समात्न नसक्नुका प्रमुख कारणहरूमा व्यवसाय गर्ने वातावरण सहज नहुनु नै मुख्य हो भन्ने कुरा पटकपटक प्रमाणित भइसकेको छ । तसर्थ, यस अवस्थामा सुधार ल्याउनका लागि समृद्धि निरन्तर प्रयासरत छ । यसका लागि *समृद्धिले* निम्नलिखित कार्यहरूमा जोड दिएको छ ।

**स्वतन्त्र अनुसन्धान तथा प्रकाशन** : व्यवसाय गर्ने वातावरणको सुधार गर्ने क्रममा आवश्यक पर्ने कार्यका बारेमा अनुसन्धान तथा प्रकाशन गर्ने कार्यअन्तर्गत यस संस्थाले यस विषयमा पुस्तकहरू, हाते पुस्तक, पाकेट बुक, छलफल पत्रहरू, लेख, प्रतिवेदन, सम्बन्धित नीतिहरूको विश्लेषण र उक्त विश्लेषणमा आधारित नीतिपत्रहरू लगायतका सामग्रीहरू प्रकाशित गर्दछ ।

**बहस, पैरवी तथा सार्वजनिक सहभागिता** : बहस, पैरवी तथा सार्वजनिक सहभागिता उच्च रहेको *समृद्धिका* कार्यक्षेत्रहरूमध्ये व्यवसायिक वातावरणको सुधार एक प्रमुख क्षेत्रका रूपमा रहेको छ । यसअन्तर्गत यस संस्थाले “गरी खान देऊ” जस्तो अत्यन्त सफल राष्ट्रिय अभियानको सचिवालय सञ्चालन गरिरहेको छ । यस अभियानले विधिको शासन, जीऊधनको सुरक्षा र आफूले रोजेको उद्यम वा व्यवसायमा स्वतन्त्रतापूर्वक लाग्न पाउने जस्ता तीन अवस्थालाई गरी खान पाउने देशको पूर्वावस्था मानी व्यावसायिक वातावरण सुधार गर्नुपर्ने कुरातर्फ जोड दिन्छ । यसबाहेक यस संस्थाले हरेक वर्ष आर्थिक विकास तथा

व्यवसायसँग सम्बन्धित विभिन्न तथ्याङ्कहरू पनि सार्वजनिक गर्नेकाम गर्दै आइरहेको छ । साथसाथै क्यानडाको फ्रेजर इन्स्टिच्युटले वार्षिक रूपमा प्रकाशन गर्ने विश्वको आर्थिक स्वतन्त्रतासम्बन्धी प्रतिवेदन तथा वासिङ्गटनस्थित प्रोपर्टी राइट एलायन्सले प्रकाशन गर्ने सम्पत्तिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सूचकाङ्क तथा अन्य सान्दर्भिक प्रतिवेदन, लेख तथा तथ्याङ्कहरू *समृद्धिले* सार्वजनिक गर्दै आएको छ ।

## ३) आर्थिक नीति सुधार

आर्थिक वृद्धिको पूर्वावस्था भनेको आर्थिक वृद्धिलाई प्रोत्साहन गर्ने खालका नीतिहरू रहनु हो । तसर्थ, नेपालको आर्थिक वृद्धिका लागि यससँग सम्बन्धित नीतिहरूका बारेमा अध्ययन तथा अनुसन्धान गरी आवश्यक सुधारका पक्षहरूलाई पहिचान गरी त्यसका विषयमा पैरवी गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखेर यस क्षेत्रमा *समृद्धि* कार्यरत छ । यस क्षेत्रअन्तर्गतका केही कार्यहरू यस प्रकार छन् :

**स्वतन्त्र अनुसन्धान तथा प्रकाशन** : नीतिगत सुधारको प्रक्रिया साधारणतया अध्ययन तथा अनुसन्धानबाट नै सुरु हुन्छ । *समृद्धिले* पनि आर्थिक वृद्धिसँग सम्बन्ध राख्ने नीतिहरूका विषयमा खोज तथा अनुसन्धान गर्दै आइरहेको छ र त्यसैअनुरूप पुस्तकहरू, हाते पुस्तक, पाकेटबुक, छलफल पत्रहरू, लेख, प्रतिवेदन, सम्बन्धित नीतिहरूको विश्लेषण र उक्त विश्लेषणमा आधारित नीतिपत्रहरू लगायतका विभिन्न प्रकाशन सामग्रीहरू प्रकाशन तथा वितरण गर्दै आइरहेको छ । "आर्थिक वृद्धि र निजी क्षेत्र" नामक सामग्री विज्ञहरूद्वारा विश्लेषण गरी लेखिएका नेपालका आर्थिक मुद्दाहरूसँग सम्बन्धित लेखहरूको सङ्ग्रह यसको एउटा उदाहरण हो ।

यसबाहेक नेपालको आर्थिक वृद्धिका विभिन्न पक्षहरूमा क्षेत्रगत अध्ययन तथा अनुसन्धानको कार्य पनि यस संस्थाले गर्दछ ।

**शैक्षिक तथा तालिम कार्यक्रम** : आर्थिक नीतिमा सुधारअन्तर्गत *समृद्धिले* नियमित रूपमा गर्ने केही शैक्षिक तथा तालिम कार्यक्रम निम्नलिखित रहेका छन् :

(क) नीतिशाला : सार्वजनिक नीति सम्बन्धी अध्ययन र छलफल गर्ने यो कार्यक्रम ६ दिने आवासीय कार्यक्रम हो ।

(ख) युवाहरूका लागि प्रशिक्षण (Intrenship) को अवसर : यस अन्तर्गत आर्थिक नीति सुधारका विषयमा अध्ययन गरी भविष्यमा यही क्षेत्रमा केही गर्ने चाहना भएका युवाहरुलाई *समृद्धिसँग* आबद्ध भई प्रशिक्षणमूलक कामहरु गर्ने अवसर दिइन्छ ।

**बहस, पैरवी तथा सार्वजनिक सहभागिता** : आर्थिक नीतिका विषयमा खोज तथा अनुसन्धान गरी पहिल्याइएका सुधारका पक्षहरूलाई नीति निर्माताहरूको ध्यानमा ल्याउनका लागि पैरवी तथा सार्वजनिक सहभागिताका क्रियाकलापहरू पनि समृद्धिले सञ्चालन गर्दै आइरहेको छ । यसअन्तर्गत तत्कालिक मुद्दाहरूबारे सम्बन्धित रहेर छलफल कार्यक्रम आयोजना गर्ने, वैकल्पिक नीति निर्माणका लागि नीति निर्माताहरूको ध्यान आकर्षित गराउनका लागि अन्तर्क्रिया तथा संवाद कार्यक्रमका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जाल निर्माण गर्ने जस्ता कार्यक्रमहरू पर्दछन् ।

## ४) लोकतन्त्रका विषयमा छलफल तथा बहस

लोकतान्त्रिक मूल्य तथा मान्यतालाई आफ्ना कार्यक्रमहरूको मूलधारमा राख्दै *समृद्धि, द प्रोस्पेरिटि फाउन्डेसनले* एउटा समृद्ध तथा लोकतान्त्रिक नेपालको परिकल्पना गरेको छ । यस कारण लोकतन्त्रका विषयमा यस संस्थाले निरन्तर छलफल तथा बहसहरू सञ्चालन गराइ नै राखेको हुन्छ । यस संस्थाले आफूलाई संविधान निर्माण जस्तो ऐतिहासिक समयमा लोकतन्त्रका आधारभूत तत्वहरूलाई सार्वजनिक छलफल तथा बहसको केन्द्रमा ल्याउन “लोकतन्त्र भनेको...” नामक एक राष्ट्रिय अभियान सुरुवात गर्नुका साथै अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त पुस्तकहरूको नेपाली भाषामा अनुवाद र प्रकाशन गर्ने कार्यमा पनि सक्रिय गराएको छ । केही समयअघि संविधान गोलमेच भनी संविधानमा लोकतन्त्रलाई सबल रूपमा स्थापित गर्न ध्यान दिनुपर्ने मुद्दाहरूलाई अगाडि ल्याउने कार्य पनि यस संस्थाद्वारा भएको थियो ।

**थप जानकारीका लागि**

**समृद्धि, द प्रोस्पेरिटी फाउन्डेशन**
४१६, भिमसेनगोलामार्ग, मीनभवन खरिबोट
पोस्टबक्स नं. : ८९७३, एन. पि. सी. ६७८,काठमाडौं, नेपाल

फोन : (+९७७)-१-४४६ ४६१६, ४४८ ४०१६
फ्याक्स : (+९७७)-१-४४८ ५३९१
इमेल : info@samriddhi.org
वेबसाइट : www.samriddhi.org

# समृद्धिका अन्य प्रकाशनहरु

1. Towards Enterprise Building in Nepal
2. Towards Enterprise Building in Nepal (Vol. II)
3. उद्यमशीलता विकासमा बजारको भूमिका
4. बजारका गुणहरु
5. Role of Rule of Law in Enterprise Building
6. Role of Government in Enterprise Building (Vol. I)
7. Role of Government in Enterprise Building (Vol. II)
8. Economic Growth and The Private Sector of Nepal

उल्लेखित प्रकाशनहरु समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा उपलब्ध छन् ।